शिक्षा, स्वास्थ्य, कृषी, पर्यटन र पूर्वाधारः समृद्ध देवदहको आधार

# देवदह नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

## केरवानी रुपन्देही


### लुम्बिनी प्रदेश नेपाल

# वार्षिक समीक्षा कार्यक्रम

## (आ.व. ०८०/८१ को)



# परिचय:




नेपाल सरकारको निर्णय अनुसार साबिक देवदह गा.बि.स र केरवानी गा.बि.स. लाई समावेश गरि मिति २०७१/१/२५ गते देवदह नगरपालिका घोषणा भए अनुसार २०७१/२/५ गते देवदह नगरपालिका वडा नं. ४ केरवानीमा विधिवत स्थापना भई कार्य संचालन गर्दै आएको देवदह नगरपालिका पुन २०७३/११/२७ मा पुन संरचना भई देवदह नगरपालिकामा सिक्टहन गा.बि.स. समावेस गरि १२ वटा वडा कायम गर्दै देवदह नगरपालिका भएको थियो । देवदह नगरपालिकामा १७३०० घर धुरीमा ७२४५७ जनसंख्या रहेको छ ।पूर्वमा सुनवल नगरपालिका पश्चिममा बुटवल उपमाहानगर पालिका र तिलोत्तमा नगरपालिका उत्तरमा पाल्पा जिल्लाको माथागढि गाउँ पालिका र दक्षिणमा ओमसतिया गाउँ पालिका र रामग्राम नगरपालिकाको बिचमा अवस्थित यस देवदह नगरपालिका भगवान गौतम बुद्धको जन्मस्थल लुम्बिनीबाट ३५ किलोमिटर टाढा रहेको छ । यस नगरपालिका १३५.९५ बर्ग कि.मि. क्षेत्रफलमा फैलिएको छ ।



देवदह नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल

# जनसंख्या विवरण

जम्मा: ७२४५७


महिला: ३७४२४ — ५३ प्रतिशत

पुरुष: ३४०३३ — ४७ प्रतिशत





स्रोत: राष्ट्रिय जनगणना २०७८

# घरधुरी विवरण
# जम्माः १७३००





# भाडामा बस्नेको विवरणः




स्रोतः राष्ट्रिय जनगणना २०७८

# देवदह भित्रका पर्यटकिय स्थलहरु :

## १. भवानीपुर



प्राचिन देवदहको निकै महत्वपूर्ण ठाउँ भवानीपुर हो । देवदह नगरपालिका वडा नं. ४ मा रहेको भवानीपुर प्राचीन देवदहको राजधानीका रुपमा रहेको जनविश्वास छ । यस ठाउँ वरपर पत्थरको स्तम्भ, सूर्य देवताको मुर्ति, प्राचीन इनार लगायत रहेका छन् ।

यहाँ अवस्थित पत्थरको स्तम्भ, सूर्य देवताको मूर्ति, प्राचिन इनार लगायत रहेका छन् । यहाँ अवस्थित पत्थरको स्तम्भ भारतका तत्कालीन स्रमाट अशोकले निर्माण गरिएको अनुमान छ । गौतम बुद्धलाई जन्म दिने मायादेवी, सानीआमा प्रजापति र गौतम बुद्धकी पत्नी यशोधराको जन्मस्थल भवानीपुर हो । पुरातत्व विभाग र लुम्विनी विकास कोषले उत्खननको कार्य थालेपछि यस स्थानको ऐतिहासिकता पुष्टि हुन थालेको छ । भवानीपुरमा विभिन्न समयमा उत्खनन गर्दा माटाका भाँडा, पैसाका सिक्का तथा भवनको दिवाल भेटिएका छन् । यो ठाउँमा बृहत रुपमा उत्खनन हुन बाँकी नै छ । यस ठाउँको अध्ययन, अवलोकन गर्न आन्तरिक पर्यटकका साथै विभिन्न देशहरुवाट पनि पर्यटकहरु आउने गर्दछन् । हरेक वर्ष चैत्र-वैशाख महिनामा पर्ने रामनवमीको दिन भवानीपुरमा ठुलो मेला लाग्ने गर्दछ । यो स्थान धार्मिक, प्राकृतिक र साँस्कृतिक रुपमा अति नै महत्वपूर्ण मानिन्छ ।

# देवदह भित्रका पर्यटकिय स्थलहरु :

## २. पाकरी वृक्ष

देवदह नगरपालिका वडा नं. ८ को पाकडी गाउँको पूर्वतर्फ पाकरी वृक्ष रहेको छ । यो स्थान पूर्व-पश्चिम लोकमार्गको पीपलडाँडादेखि २ कि.मि. दक्षिणमा रहेको छ । पाकरी वृक्षको करिब ३० मिटर उचाइ र ३० मिटर परिधि छ ।



सधैंभरि हराभरा रहने, चरा-चुरुङ्गीले गुँड नलगाउने, गिद्ध जातको चरा नबस्ने, रुखको नजिक हात्ती नजाने, रुख हेदा सात तलाका रुपमा देखिने यस रुखका विशेषताहरु हुन् । परिधिका हिसाबले यसलाई नेपालकै ठुलो वृक्षको रुपमा लिइन्छ । यस वृक्षकै नामबाट त्यस वरपरको गाउँको नाम पनि पाकडी नामकरण गरिएको हो । यस रुखको फेदमा गणेश भगवानको सुँडजस्तो आकार देख्न सकिन्छ, जसमा स्थानीयवासीहरुले पूजा-अर्चना गर्दछन् । यस वृक्षलाई स्थानीयवासीहरुले देववृक्ष, अलौकिक वृक्ष तथा बौद्धकालीन वृक्षका रुपमा समेत लिने गर्दछन् ।

# देवदह भित्रका पर्यटकिय स्थलहरु :

## ३. रोहिणी नदी

बौद्धकालीन समयदेखि नै पवित्र तीर्थस्थलका रुपमा मानिएको रोहिणी नदी देवदह नगरपालिका वडा नं. ९ मा रहेको छ । दक्षप्रजापतिकी छोरी रोहिणीलाई चन्द्रमाले विवाह गर्नका लागि भगाएर लैजादाँ दक्षप्रजापतिले थाहा पाएपछि लखेट्दा चन्द्रामाले महादेवसँग शरण माग्दा महादेवले टाउकोमा शरण दिएका र रोहिणी भाग्दै गएर पाल्पाको सत्यवती तालको नजिक लुकेकी थिइन् । तालको दक्षिणी स्थान अर्थात रोहिणी लुकेको ठाउँबाट उत्पत्ति भई बगेको नदी नै रोहिणी भएकाले यसको ठुलो धार्मिक महत्त्व छ ।






# देवदह भित्रका पर्यटकिय स्थलहरु :

## ४. माथागढी

करिब दुई सय वर्षअगाडि तत्कालीन ब्रिटिस सैनिकले नेपालका विभिन्न ठाउँमा आक्रमण गरेका थिए । त्यसबेला नेपाली सैनिकहरुले देवदहको सबैभन्दा उच्च स्थान माथागढी किल्लामा बसेर युद्ध गरी विजय प्राप्त गरेका थिए । माथागढी किल्लामा तत्कालीन योद्धाहरुले निर्माण गरेको सुरक्षा पर्खाल, युद्धमा प्रयोग गरिएका हरियारहरु अहिले पनि अवलोकन गर्न सकिन्छ । साथै पर्टकीय दृष्टिकोणले पनि माथागढी महत्त्वपूर्ण रहेको छ । माथागढी डाँडाबाट रुपन्देही, पाल्ला र नवलपरासीका मनोरम दृश्य तथा हिमालहरु स्पष्ट अवलोकन गर्न सकिन्छ । भने नगरपालिकाको पहलमा सिडि मार्ग निर्माणको कार्य भई रहेको छ ।



# देवदह भित्रका पर्यटकिय स्थलहरु :

## ५. देव दह



देवदह नगरपालिका वडा नं. ९ घोडाहाको उत्तरतर्फ प्रगति सामुदायिक वनभित्र रहेको बुद्धकालीन समयमा ऋषि-तपस्वीहरुले स्नान गर्ने पवित्र पोखरी नै देव दह हो । देव दहमा सेता, राता र गुलाबी फूलहरु फुल्ने भएकाले बौद्ध धर्ममा यस दहलाई मङ्गल पुष्करिणी रुपमा समेत लिइन्छ । यसै दहको आधारमा यस नगरपालिका नाम देवदह रहन गएको हो ।



# देवदह भित्रका पर्यटकिय स्थलहरु :

## ६. कन्यामाई र बैरीमाई

देवदह नगरपालिका वडा नं. ७ शितलनगर चोकदेखि झण्डै डेढ किलोमिटर दक्षिणतर्फ शान्तिनगरमा रहेको छ कन्यामाई मन्दिर । कन्यामाई मन्दिरमा पदमपाणि अवलोकितेश्वर भाँचिएको विशाल प्रस्तरको मूर्ति रहेको छ । यसै ठाउँमा गौतम बुद्धको विशाल कदको मूर्ति मन्दिरको दक्षिणी किनारामा रहेको र अहिले माटोले छोपिएको स्थानीयबासीहरुको भनाई रहेको छ ।




कन्यामाईमा इँटा, कुँदिएका ढुङ्गाबाट निर्मित विशाल भवनको पर्खालसहितको भग्नावशेष, खण्डहर र प्राचिन इनारहरु समेत रहेको जनविश्वास छ । कन्यामाईमा वि.सं. २०६८ सालमा पुरातत्त्व विभागका पुरातत्त्वविद् प्रकाश दर्नालको नेतृत्वमा उत्खनन भएकव थियो । उत्खननका क्रममा बुद्धकालीन महत्त्व दर्शाउने वस्तुहरु प्राचीन दरबार, इनार, भाँडाकुडाँका अवशेषहरु फेला परेका थिए । यसै ठाउँमा प्राचीन कोलीय राजदरबार रहेको विश्वास छ । यहाँ रहेका इनारहरुबाट बुद्ध माताहरुले पानी पिउने गरेको भनाई छ । यशोधरालाई कन्यामाईको रुपमा आज पनि पुजा गरिन्छ ।

कन्यामाई भन्दा थोरै दक्षिण तर्फ बैरीमाई मन्दिर रहेको छ । बैरीमाईमा हालसम्म उत्खनन भएको छैन ।बैरीमाईमा पनि बौद्धकालीन महत्त्व दर्शाउने वस्तुहरु प्राचीन मूर्ति, भाँडाकुडाँ आदीका अवशेषहरु रहेका छन् । मायादेवी र यशोधराको क्षमता, सुन्दरता र कौशलताको तत्कालीन कोलीयबासीहरुले सम्मान गरी पुज्ने गर्दथे । मायदेवी अर्थात् बैरीमाई विगतमा थारु भाषाबाट बढीमाईको अपभ्रंश भएर बैरीमाई भएको हो ।



# देवदह भित्रका पर्यटकिय स्थलहरु :

## ७. खयरडाँडा

देवदह नगरपालिका वडा नं. ९ मा रहेको खयरडाँडा तत्कालीन कोलीय राज्यको एउटा दरबार रहेको मानिएता पनि यस क्षेत्रमा हालसम्म उत्खनन हुन सकेको छैन । सिद्धार्थ गौतम बुद्ध मामाघर आउँदा यसै दरबारमा बस्ने गर्दथे भन्ने जनविश्वास रही आएको छ ।



बुद्धकालीन समयमा यस दरबार परिसरमा घोडा बाँध्ने गरिएकाले पनि यस स्थानको नाम घोडाहा रहन गएको हो । हालै पुरातत्व विभागवाट यस क्षेत्रको उत्खनन् हुँदा देवदहको खयरडाँडा क्षेत्रमा प्राचिन इनार र मध्यकालिन भग्नावशेष फेला परेको छ। लुम्बिनी विकास कोषले बुद्धको मावली कोलिय गणराज्यको दरबार क्षेत्र अनुमान गरिएको खयरडाँडामा क्षेत्रमा १ महिना सम्म गरेको उत्खननका क्रममा करिब १४ देखि १६ औं शताब्दीको जस्तो देखिने भग्नावशेष, माटोको भाडा र इनार भेटिएको छ ।



# देवदह भित्रका पर्यटकिय स्थलहरु :

## ८. उजेरी होमस्टे



देवदह नगरपालिका वडा नं. ६ मा रहेको केउलि गाउँमा रहेको मगर होमस्टे संचालनमा रहेको छ । देवदहको पहिचान स्थापित गर्न र मगर समुदायको संस्कार संस्कृतिको बारेमा जान्न चाहने मानिसहरुका लागि एक उत्तम स्थानको रुपमा रहेको छ ।

देवदह नगरपालिकाको चुरे क्षेत्रमा रहेको यस उजेरी गाउँमा बास बस्ने र प्रकृती संग रमाउने पाहुनाहरुको आगमन हुन थालेको छ । महेन्द्र राजमार्ग देखी ७ किलोमिटर उत्तरमा रहेको यस होमस्टे देवदहको महत्वपूर्ण स्थानको रुपमा रहेको छ ।

# देवदह भित्रका पर्यटकिय स्थलहरु :

## ८. सिमसार क्षेत्र

देवदह नगरपालिका वडा नं. ९ मा रहेको सिमसार क्षेत्र देवदह नगरपालिकाको एक महत्वपूर्ण पर्यटकीय स्थल हो । महेन्द्र राजमार्ग देखि २ किलोमिटर उत्तरमा रहेको यस सिमसार क्षेत्र पर्यटकका लागि महत्वपूर्ण स्थान हो यस क्षेत्रमा रहेको रमणीय वातावरणमा रमाउदै शान्त वातावरणमा बस्न रुचाउने पाहुनाहरु आउने गरेको पाईन्छ । यस क्षेत्रमा चरा चुरुङ्गी , रङ्गि विरङ्गी फुलहरु र हरियालि वातावरण पाईन्छ ।



## देवदह भित्रका रहेका पार्कहरुको विवरणः

I. ओम शान्ती पार्क
II. गौतम बुद्ध राष्ट्रिय उद्यान
III. स्मृती पार्क
IV. यशोधरा वाल उद्यान
V. वि.पि.स्मृती पार्क
VI. मदन आश्रृत पार्क

## देवदह भित्रका रहेका खेलमैदानहरुको विवरणः

i. पुस्पानन्द स्मृती खेल मैदान वडा नं. ३
ii. पानवारी खेल मैदान देवदह-५
iii. भवानीपुर खेल मैदान देवदह-४
iv. देवदह क्रिकेट खेलमैदान देवदह-७
v. भलुही खेल मैदान देवदह- ९
vi. घोडाहा खेल मैदान देवदह- ९



## शान्ती सुरक्षाः

- खैरेनी प्रहरी चौकी
- भलुही प्रहरी चौकी
- ६ नं. प्रहरी चौकी
- नगर प्रहरी

## देवदह भित्रका रहेका सरकारी कार्यालयहरुः


- नेपाल विद्युत प्राधिकरण सेवा केन्द्र
- नेपाल टेलिकम सेवा केन्द्र
- नेपाल प्रहरी
- १२ वटा वडा कार्यालय
- १ नगर अस्पताल
- नागरिक आरोग्य केन्द्र
- १२ वटा स्वास्थ्य ईकाई
- सेक्टर वन कार्यालय



# संक्षिप्त शैक्षिक तथ्याङ्क

- देवदह नगरपालिका भित्र सञ्चालित विद्यालय (५२वटा)
  - सामुदायिक (३०)
    - साधारण (२७)
    - परम्परागत/धार्मिक (२)
  - संस्थागत (२२)

# तहगत विद्यार्थी संख्याः



# सामुदायिक विद्यालयमा कार्यरत शिक्षकको विवरण

**माध्यमिक तह**
- दरबन्दी ३९
- संघीय अनुदान १४
- नगर अनुदान १२

**निम्न माध्यमिक तह**
- दरबन्दी ४२
- संघीय अनुदान ३
- नगर अनुदान ८

**प्राथमिक तह**
(११२+४७)
१५९

**बालविकास सहजकर्ता**
४७

**माध्यमिक दरबन्दी ३९**
- स्थायी १८
- राहत १३, साविक उमावि ८

**नि.मा. दरबन्दी ४२**
- स्थायी १२
- राहत ३०

# जनशक्ती विवरण

- नगर प्रमुखः १
- नगर उप प्रमुखः १
- वडा अध्यक्षः १२
- कार्यपालिका सदस्यः ८
- नगर सभा सदस्यः ६५

महिलाः २६ पुरुषः ३९

- स्थायी कर्मचारीः ७९
- करार/ज्यालादारीः १०७
- जम्माः १८६

महिलाः ९४ पुरुषः ९२



# पालिकामा रहेकासवारी साधनको विवरण

| क्र.स. | विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | स्करपियो जिप | २ | |
| २ | बोलेरो जिप | १ | |
| ३ | पिक अप जिप | २ | |
| ४ | ट्याक्टर | २ | |
| ५ | दमकल | १ | |
| ६ | ब्याकहोलोडर (JCB) | १ | |
| ७ | मोटरसाइकल | २६ | |
| | **जम्मा सवारी साधन** | **३५** | |



# खानेपानी सरसफाई संस्था

| क्र.सं. | संस्थाको नाम | वडा नं. | अध्यक्षको नाम | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|
| १ | देवदह खानेपानी | ७ | गुमान सिं कुवर | ९८५७०४५६६७ | |
| २ | केरवानी खानेपानी | २ | वोधराज गौडेल | ९८५७०२२०३१ | |
| ३ | मायादेवी खानेपानी | ४ | चक्रपाणी तिवारी | ९८५७०२६८८२ | |
| ४ | भलुही खानेपानी | ९ | राम प्रसाद सापकोटा | ९८४७२६२६२० | |
| ५ | रेहरा खानेपानी | ११ | अजय रौनिहार | ९८४७०५५२०५ | |
| ६ | चरङ्गे खानेपानी | १० | पुरन जि.सी. | ९८५७०७००११ | |
| ७ | टटेरा खानेपानी | ३ | गिरीराज गैरे | ९८५७०२५४७० | |
| ८ | शिवालयटोल खानेपानी | ६ | बुद्धि बहादुर विश्वकर्मा | ९८११२८१६८९ | |
| ९ | सावित्रीटोल खानेपानी | ७ | अमृत फुल्लेल | ९८४७५५४५६३ | |
| १० | लडियावास खानेपानी | १० | वावुराम तिवारी | ९८०७४०३४२४ | |
| ११ | पारी चरङ्गे खानेपानी | १० | दिल बहादुर छन्तेल | ९८१४४१९५३० | |
| १२ | केउली खानेपानी | ६ | हुम बहादुर सारु | ९८६७५२१२९२ | |
| १३ | सरन खानेपानी | ६ | लोकेन्द्र बहादुर जर्घा | ९८५७०६६६४९ | |
| १४ | दाउन्ने खानेपानी | ६ | युवराज बस्नेत | ९८४४७८८१४३ | |
| १५ | वडा नं. १२ खानेपानी रेहरा | १२ | दुधनाथ कुवर | ९८४४७८८१४३ | |

# बैंक तथा वित्तिय संस्थाहरु:

| क.स. | बैंकको नाम |
|---:|---|
| १ | ग्लोवल आई एम ई बैक खैरेनी |
| २ | ग्लोवल आई एम ई बैक |
| ३ | प्रभु बैंक लि |
| ४ | गरिमा बिकास बैंक |
| ५ | एन आई सि एसिया बैंक ६ नं. |
| ६ | एन आई सि एसिया बैंक खैरेनी |
| ७ | कुमारी बैंक लि |
| ८ | नविल बैंक |
| ९ | कामना सेवा बैंक खैरेनी |
| १० | सिटिजन बैंक लि. शित्तलनगर |
| ११ | सिटिजन बैंक लि. भलुही |
| १२ | एभरेष्ट बैंक लि |
| १३ | सिध्दार्थ बैंक लि. |




# स्वास्थ्य संस्थाहरु:

| क्र.स. | संस्थाको नाम | कैफियत |
|---|---|---|
| १ | नगर अस्पताल | |
| २ | स्वास्थ्य ईकाई | ९ वटा |
| ३ | लायन्स आँखा अस्पताल | |
| ४ | देवदह मेडिकल कलेज | |
| ५ | केरवानी स्वाथ्य चौकी | |
| ६ | सिक्टहन स्वास्थ्य चौकी | |


# टोल विकास संस्थाहरु:

| वडा | दर्ता संख्या |
|---|---|
| १ | ३ |
| २ | ८ |
| ३ | १ |
| ४ | - |
| ५ | २० |
| ६ | १५ |
| ७ | १९ |
| ८ | ६ |
| ९ | २ |
| १० | २ |
| ११ | - |
| १२ | - |
| जम्मा | ७६ |



# सहकारी संस्थाहरु:

| क्र.सं. | सहकारीको प्रकृति | संख्या |
|---|---|---|
| १ | वचत तथा ऋण | १० |
| २ | कृषि | १३ |
| ३ | दुग्ध | १० |
| ४ | बहुउद्देश्यीय | ४ |
| ५ | विविध | १ |
| ६ | निष्कृय | ४ |
| ७ | **प्रदेश स्तरीय** | **५** |
| | जम्मा | ४७ |



# बजेट र खर्च

| | चालु | पूजिगत |
|---|---|---|
| कुल बजेट | १,०८,३९,२६,९३४ | |
| बजेट शिर्षक | ५८,३२,८६,४४७ | ५०,०६,४०,४८७ |
| बजेट खर्च | ४८,७५,२३,९०४.८८ (८३.५८%) | २२,७०,०४,९६५ (४५.३४%) |

कुल खर्चः ७१,४५,२८,८६९.८८

खर्च प्रतिशतः ६५.९२%

# स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन
# Local Government Institutional Capacity Self-Assessment (LISA)

## आ.व २०७९/०८० मा LISA मा प्राप्ताङ्क विवरण

| सूचक | प्राप्ताङ्क |
|---|---|
| शासकीय प्रवन्ध | ८८.८९% |
| संगठन तथा प्रशासन | ७५% |
| वार्षिक बजेट तथा योजना व्यवस्थापन | ६८.१८% |
| वित्तीय एवम् आर्थिक व्यवस्थापन | ७७.२७% |
| सेवा प्रवाह | ७०.३१% |
| न्यायिक कार्य सम्पादन | १००% |
| भौतिक पूर्वाधार | ६७.३१% |
| सामाजिक समावेशीकरण | ५७.५% |
| वातावरण संरक्षण तथा विपद व्यवस्थापन | ६६.६७% |
| सहकार्य र समन्वय | ९५.८३% |
| प्राप्ताङ्क | ७४.५% |

# आ.व. २०८०/०८१ को वार्षिक वडागत आय विवरण

| क्र.सं. | कार्यालय | संकलित राजश्व |
|---|---|---|
| १ | नगरपालिका | ८,१५,८२,७०१.५५ |
| २ | १ नं. वडा कार्यालय | २०,९८,०१४.०० |
| ३ | २ नं. वडा कार्यालय | २७,३७,११९.८२ |
| ४ | ३ नं. वडा कार्यालय | १९,५६,८१२.०० |
| ५ | ४ नं. वडा कार्यालय | २९,२७,९३८.०० |
| ६ | ५ नं. वडा कार्यालय | ४२,८८,१७२.८४ |
| ७ | ६ नं. वडा कार्यालय | २९,२७,१९२.६० |
| ८ | ७ नं. वडा कार्यालय | ४८,१२,४२४.६७ |
| ९ | ८ नं. वडा कार्यालय | २८,८६,१०५.४३ |
| १० | ९ नं. वडा कार्यालय | २८,८६,१०५.४३ |
| ११ | १० नं. वडा कार्यालय | २९,४२,६८६.४० |
| १२ | ११ नं. वडा कार्यालय | २९,११,७१०.०० |
| १३ | १२ नं. वडा कार्यालय | २०,१०,१४२.७६ |
| | जम्मा | ११,७७,३२,६६७.१९ |

# आ.व. २०८०/०८१ को सेवा प्रवाह विवरण

| क्र. सं. | विषय | सेवा प्रवाह |
|---|---|---|
| १ | न्यायिक समिति मुद्धा दर्ता | |
| | मुद्धा दर्ता | १२३ |
| | फर्छ्यौट | ७५ |
| | प्रकृयामा रहेको | ४८ |
| २ | नक्शापास | |
| | ईजाजत पत्र प्रथम चरण | ३१ |
| | ईजाजत पत्र दोस्रो चरण | २० |
| | निर्माण सम्पन्न | १० |
| | अभिलेखिकरण | ११५ |
| ३ | अग्नी नियन्त्रण | ४६ |



# आ.व. २०८०/०८१ को सेवा प्रवाह विवरण

| विषय | सेवा प्रवाह |
|---|---|
| विपत राहत वितरण | २८ |
| नयाँ नागरिता सिफारिस | २४५० |
| नागरिता प्रतिलिपि सिफारिस | २४१२ |
| नाता प्रमाणित | २२१६ |
| अन्य सिफारिस | १९५२५ |
| व्यवसाय दर्ता। नविकरण | ९०२ |
| घट्ना दर्ता | |
| जन्म | ११७४ |
| मृत्यू | ४०८ |
| बसाई सराई आएको | २१२ |
| बसाई सरि गएको | १०९ |
| विवाह | ५४८ |
| सम्वन्ध विच्छेद | ८१ |

# आ.व. २०८०/०८१ को सेवा प्रवाह विवरण

| क्र. सं. | विषय | सेवा प्रवाह |
|---|---|---|
| १० | वेविकेयर व्याग वितरण | ३०५ जना |
| ११ | ह्यूलचियर वितरण | ५ जना |
| १२ | जे.ना.परिचय पत्र वितरण | ९४ जना |
| १३ | अपाङ्ग परिचय पत्र वितरण | ६४ जना |
| १४ | प्रधानमन्त्री रोजगार अन्तरगत रोजगारी प्रदान | ४८ जना ४६७३ दिन बरावर |
| १५ | सामाजिक सुरक्षा भत्ता वितरण | ६५८७ जना |
| १६ | पूर्वाधार ल्याव परिक्षण | १२० |
| १७ | योजना कार्यान्वयन अवस्था | |
| | उपभोक्ता समिति मार्फत | ४१४ |
| | ठेक्का मार्फत | २२ |
| | कोटेशन मार्फत | ४ |



# आ.व. २०८०/०८१ मा सम्पादित मुख्य क्रियाकलाप

## कृषि तथा पशुपालन तर्फ

- किसानहरुलाई कृषि मिटर जडानमा सत प्रतिशत अनुदानको व्यवस्था ।
- रसायनिक मल सुपथ मुल्यमा बिक्रि वितरण गर्ने व्यवस्था मिलाईएको छ ।
- गँहु, मकै, आलु लगाएतका वालिहरुको पकेट एरिया तोकि उत्पादन बृद्धिका कार्यक्रम संचालनमा रहेका छन् ।
- प्लाष्टिक टनेल, थोपा सिचाँइ मार्फत बेमौसमी तरकारी उत्पादन वृद्धि गर्ने कार्य गरिएको छ।
- स्थलगत तालिम, विभिन्न वालिमा जातीय प्रविधि प्रर्दशन, कृषक पाठशाला , फलफुल वगैचा व्यवस्थापन, माटो शिविर मार्फत किसानहरुलाई टेवा पुराईएको छ ।



# आ.व. २०८०/०८१ मा सम्पादित मुख्य क्रियाकलाप

## कृषि तथा पशुपालन तर्फ

- विभिन्न हाते औजार तथा आवस्यक मल, विउ, वेर्ना लगाएतका कृषि सामाग्रिहरु वितरण भएको ।
- विभिन्न स्थानमा सिचाई बोरिङ्ग जडान तथा मर्मत गर्ने कार्य निरन्तर भई रहेको छ ।
- गाईभैंसी र बाख्रामा  कृत्रिम गर्भाधान कार्यक्रम नियमित संचालनमा रहेको छ ।
- पशुमा उपचार तथा औषधि वितरण कार्य निर्नतर गरिएको छ ।
- प्रयोगशाला बाट गोबर परिक्षण, थुनेलो परिक्षण र पिसाब परिक्षण जस्ता सेवा नियमित रुपमा प्रदान गरिएको छ ।
- ५० प्रतिशत अनुदानमा पशु विमा कार्यक्रम संचालन गरि नियमित संचालनमै रहेको छ ।
- खोरेत रोग, भ्यागुते तथा चरचरे रोग, लम्पी स्किन रोग र पि.पि.आर. रोग विरुद्ध खोप व्यवस्था गरि किसानलाई टेवा पुराईएको छ ।

# आ.व. २०८०/०८१ मा सम्पादित मुख्य क्रियाकलाप

## महिला बालवालिका तर्फ

- ❖ अपाँङ्ग दिवस , तिजगित प्रतियोगिता , महिला हिशां विरुद्धको दिवस लगाएत बिभिन्न अभियानात्मक कार्यक्रम नियमित संचालन गरिएको छ ।
- ❖ महिला उद्यमी सम्मान, रोजगारीका लागि सहायता लगाएतका कार्यक्रम लागु गरि संचालन गरिएको छ।
- ❖ बिभिन्न भाषा, तथा सांकेतिक भाषा प्रशिक्षण कार्यक्रम संचालन गरिएको छ ।
- ❖ खानेपानि, महिला समुह, युवा क्लव, सहकारी, टोलविकास संस्था दर्ता गर्नुका साथै नियमित अनुगमन गरिएको छ ।
- ❖ उप-प्रमुख संग महिला कार्यक्रम संचालन गरि उद्यमशिलता विकास तथा व्यवसायिक तालिम प्रदान गरि स्वरोजगारीको अवसर श्रृजना गरिएको छ ।

# आ.व. २०८०/०८१ मा सम्पादित मुख्य क्रियाकलाप

## शिक्षा तर्फ

- आधारभूत तह कक्षा ५ र ८ को नगरस्तरीय परीक्षा व्यवस्थित र मर्यादित रुपमा संचालन गरिदै आएको छ ।
- कक्षा १ देखि ८ सम्मको स्थानीय पाठ्यपुस्तक निर्माण गरि लागु गरिएको छ ।
- खेलकुद विकास समिति गठन गरि खेलको क्षेत्रमा राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता, मेयर कप फुटवल प्रतियोगिता तथा उपमेयर कप छात्रा भलिबल लगाएतका खेलकुदका बिभिन्न प्रतियोगिता संचालन तथा सहभागिता सुनिस्चित गरिएको छ ।
- विद्यालयमा छात्रबृति वितरण गरिएको छ भने भौतिक पुर्वाधार निर्माणलाई आवस्यकताका आधारमा अगाडि बढाईएको छ ।
- केहि विद्यालय मर्ज गरि संचालन गरिएको छ भने केहि विद्यालयहरु मर्ज गर्नका लागि सम्भाव्यता अध्यायन गरिएको छ ।
- कक्षा ११ र १२ लाई दिवा सत्रमा संचालन गर्ने व्यवस्था मिलाईएको छ ।
- बालक्लवहरु टोल टोलमा गठन गरी सक्रिय रुपमा आफ्ना गतिविधि अगाडि बढाई रहेका छन् ।

# आ.व. २०८०/०८१ मा सम्पादित मुख्य क्रियाकलाप

## स्वास्थ्य तर्फ

- देवदह नगरपालिका अन्तरगत १ देवदह नगर अस्पताल, २ वटा स्वास्थ्यचौकी, १ वटा सहरी स्वास्थ्य केन्द्र, १ वटा सामुदायिक स्वास्थ्य इकाई , ६ वटा आधारभूत स्वास्थ्य केन्द्र र १ आयुर्वेद चिकित्सालय गरि जम्मा १२ वटा स्वास्थ्य संस्थाबाट नागरिकहरुलाई स्वास्थ्य सेवा प्रदान गरिएको छ भने देवदह ५ मा रहेको नगर अस्पताललाई बिमाको प्रथम विन्दुको रुपमा स्थापना गरि संचालन गरिएको छ ।
- पोषण झोला बितरण, सुत्केरी स्याहर कार्यक्रम, गर्भवति परिक्षण, सुरक्षित प्रसुति, खोप अभियान जस्ता अभियानहरु नियमित रुपमा संचालन गरिएको छ ।
- सरुवा रोग, महामारी, नसर्ने रोगका विषयमा बिभिन्न चेतनामुलक कार्यक्रम तथा उपचार नियमित गरिएको छ ।
- नगरबासिलाई निशुल्क रगत उपलव्ध गराउने व्यवस्था मिलाई नगर बासिलाई टेवा पुराईएको छ ।
- स्वास्थ्य संस्थाहरुमा दक्ष जनशक्तिको व्यवस्थापन गरि नागरिकलाई प्रभावकारी सेवा प्रवाह गरिएको छ । भने नेपाल सरकारले तोकेका निशुल्क औषधिहरु निरन्तर रुपमा उपलव्ध गरिएको छ ।

# आ.व. २०८०/०८१ मा सम्पादित मुख्य क्रियाकलाप

## स्वास्थ्य तर्फ

- देवदह नगरपालिका अन्तरगत १ देवदह नगर अस्पताल, २ वटा स्वास्थ्यचौकी, १ वटा सहरी स्वास्थ्य केन्द्र, १ वटा सामुदायिक स्वास्थ्य इकाई , ६ वटा आधारभुत स्वास्थ्य केन्द्र र १ आयुर्वेद चिकित्सालय गरि जम्मा १२ वटा स्वास्थ्य संस्थाबाट नागरिकहरुलाई स्वास्थ्य सेवा प्रदान गरिएको छ भने देवदह ५ मा रहेको नगर अस्पताललाई बिमाको प्रथम विन्दुको रुपमा स्थापना गरि संचालन गरिएको छ ।
- पोषण झोला बितरण, सुत्केरी स्याहर कार्यक्रम, गर्भवति परिक्षण, सुरक्षित प्रसुति, खोप अभियान जस्ता अभियानहरु नियमित रुपमा संचालन गरिएको छ ।
- सरुवा रोग, महामारी, नसर्ने रोगका विषयमा बिभिन्न चेतनामुलक कार्यक्रम तथा उपचार नियमित गरिएको छ ।
- नगरबासिलाई निशुल्क रगत उपलव्ध गराउने व्यवस्था मिलाई नगर बासिलाई टेवा पुराईएको छ ।
- स्वास्थ्य संस्थाहरुमा दक्ष जनशक्तिको व्यवस्थापन गरि नागरिकलाई प्रभावकारी सेवा प्रवाह गरिएको छ । भने नेपाल सरकारले तोकेका निशुल्क औषधिहरु निरन्तर रुपमा उपलव्ध गरिएको छ ।

# आ.व. २०८०/०८१ मा सम्पादित मुख्य क्रियाकलाप

- सहकारी संस्थाहरु संग नियमित सम्पर्क अनुगकन तथा कारवाही तथा दर्ताको कार्य गरिएको छ भने देवदह सहकारी संजाल गठन गरि क्रियाकलाप संचालन गरिदै आएको छ ।
- उपभोक्ता हित संरक्षणका लागि समय समयमा बजार अनुगमन गरिएको छ र समस्या देखिएका पसल/फर्महरुलाई आवश्यक निर्देशन दिने तथा अखाद्य सामाग्री जफत गरि नस्ट गर्ने कार्य गरिएको छ ।
- विपन्न नागरिक उपचारका लागि सिफारिस गरिएको छ र दिर्घरोगि उपचार सहायताको व्यवस्था मिलाईएको छ ।
- सबै वडाहरुलाई पूर्ण संस्थागत प्रसुति युक्त वडा घोषणा गरि देवदह नगरपालिकालाई पूर्ण संस्थागत प्रसुति युक्त पालिका घोषणा गर्ने कार्यक्रम अन्तिम चरणमा पुगेको छ।
- देवदहमा संचालन हुने मेला महोत्सवहरु व्यवस्थित संचालन गरि स्थानिय नागरिकहरुलाई फाईदा पुग्ने गरि सम्पन्न गरिएको छ ।



# आ.व. २०८०/०८१ मा सम्पादित मुख्य क्रियाकलाप

- खयरडाँडा उत्खननकार्य सुरु गरि यस बर्ष केही उपलब्धि हासिल भएको छ ।
- देवदह ६ उजेरीमा मगर होम स्टे संचालनमा ल्याईएको छ ।
- माथागढि सिडि मार्गको निर्माण कार्य सुरु गरि निर्माणको क्रममा रहेको छ ।
- नगर प्रमुख संग उद्यमि कार्यक्रम संचालनमा ल्याईएको छ ।
- देवदह नगरपालिका भित्र संचालनमा रहेका अटो रिक्साहरु दर्ता गरि भाडादर निर्धारण तथा नियमित अनुगमन गरिएको छ ।
- प्रधान मन्त्री रोजगार कार्यक्रम अन्तरगत देवदह भित्र रोजगारीको अवसर प्रदान गरिएको छ । बिभिन्न संस्था संग समन्वय गरि रोजगार प्रदान गर्ने कार्यको थालनि भएको छ ।



# आ.व. २०८०/०८१ मा सम्पादित मुख्य क्रियाकलाप

- वैदेशिक रोजगारिका क्रममा ज्यान गुमाउने नागरिकहरुको परिवारका लागि रहात तथा बिमा तथा क्षतीपुर्तीको लागि आवस्यक पहल तथा सहजिकरण गरिएको छ ।
- देवदह नगरपालिका न्यायिक समिति मार्फत देवदहबासि नागरिकहरुमा न्यायिक निरुपण गर्ने कार्य गरिएको छ भने १२ वटै वडामा मेलमिलाप कर्ता छनोट तालिम लगाएतका कार्य गरि सेवा प्रवाह लाई प्रभावकारी बनाईएको छ ।
- आगलागी, हावाहुरी तथा अन्य विपद् बाट प्रभावित व्याक्तिहरुका लागि राहत प्रदान गर्ने कार्य नियमित गरिदै आएको छ । भने बिपतबाट जोगाउन नदि नाला हरुको धार परिवर्त गर्ने तट्वन्ध गर्ने जस्ता कार्य गरिदै आएको छ ।
- देवदह नगरपालिका, ओमसतिया र रोहिणी गाउँपालिकासँगको लागत साझेदारिमा बारुण यन्त्र खरिद संचालन गरिएको छ ।



# आ.व. २०८०/०८१ मा सम्पादित मुख्य क्रियाकलाप

- विपद जोखिम कम गर्न आकस्मिक कक्ष निर्माण गरि तत्काल सेवा प्रदान गरिएको छ ।
- नदिजन्य पदार्थहरुको व्यवस्थित उत्खननको व्यवस्था मिलाईएको छ ।
- अस्थायि डम्पिङ्ग साईडको व्यवस्था मिलाईएको छ ।
- सड्ने र नसड्ने फोहर छुट्टाउन लगाई फोहर मैला व्यवस्थापन गरिएको छ भने कम्पोष्ट विन वितरण गरिएको छ ।
- बृक्ष रोपण कार्यक्रम लाई प्रभावकारी रुपमा अगाडि वढाईएको छ ।
- नगरपालिका परिसरमा कम्पाउण्ड वाल, चमेना गृह, पार्किङ्ग सेट, पार्किङ्ग टायल नगरपालिका सभाहल निर्माण कार्य सम्पन्न भएको छ ।
- एशियाली विकास बैंक (ए.डि.बी.) मार्फत आयोजना संचालन गर्ने प्रयोजनको लागि देवदहको प्रमुख बाटोहरुको विस्तृत आयोजना प्रतिवेदन (डि.पि.आर) तयार गरि टेन्डरको चरणमा रहेको छ ।



# आ.व. २०८०/०८१ मा सम्पादित मुख्य क्रियाकलाप

- सरनबारी जाने बाटोमा पक्कि पुल र झोलुङ्गे पुल निर्माण कार्य सम्पन्न भएको छ ।
- घट्ना दर्तालाई नियमित गरि ३५ दिन भित्र गराउन प्रेरीत गर्ने गरि बिभिन्न गतिविधि संचालन गरिएको छ ।
- राष्ट्रिय परिचय पत्रको लागि विवरण संकलन गर्नका लागि वडा स्तर सम्म टोलि परिचालन गरि कार्य गरीएको छ।
- भवन निर्माण मापदण्ड अनुरुप घर नक्सा पास गर्नका लागि नगरबासिलाई अनुरोध गर्नुका साथै छिटो छरितो र सरल तवरले नक्सापास गर्ने व्यवस्था मिलाईएको छ ।
- देवदह नगरपालिका भित्र रहेको पुनर्वास कम्पनिको जग्गा व्यवस्थापन गरि पुर्जा वितरणका लागि निरन्तर सहकार्य र पहल गरिएको छ ।
- देवदह नगरपालिका भित्र सुरक्षा व्यवस्था लाई प्रभावकारी वनाउन देवदह २ ढेकावरमा प्रहरी पोष्ट निर्माण गरि सुरक्षा व्यवस्था मिलाईएको छ ।
- नगरपालिकाको सेवा प्रवाह लाई मर्यादित बनाउन बिभिन्न ऐन, कानुन, कार्यविधि निर्माण गरि नगरपालिकाको क्रियाकलापलाई दिगो र व्यवस्थित बनाईएको छ ।

# आ.व. २०८०/०८१ मा सम्पादित मुख्य क्रियाकलाप

- देवदह नगरपालिका वडा नं. ७ मा चार्जिङ्ग स्टेशन निर्माणको कार्य अन्तिम चरणमा रहेको छ भने बैकल्पिक उर्जा केन्द्र संग सम्झौता गरि ईन्डेक्सन चुलो अनुदानमा वितरणका लागि प्रकृया अगाडि बढाईएको छ ।
- गैर आवासिय नेपालि समाज र देवदह नगरपालिका बिच लगानि प्रवर्द्धनका लागि सहमति पत्रमा हस्ताक्षर गर्ने कार्य सम्पन्न भएको छ ।
- योग ध्यान कार्यक्रम प्रवर्द्धन गर्न बिभिन्न गतिविधि संचालन गरिएको छ ।
- देवदह भित्र रहेका मठ मन्दिर, मस्जित, चर्च, गुम्बा लगाएतका धार्मिक स्थलहरुको संरक्षण र प्रवर्द्धनमा लगानि गरिएको छ ।
- कर सप्ताह लगाएतका कार्यक्रम संचालन गरी कर संकलन लाई व्यवस्थित वनाईएको छ ।
- सार्वजनिक जग्गा संरक्षणको कार्य नियमित रुपमा अगाडि बढाईएको छ ।



# आ.व. २०८०/०८१ मा सम्पादित मुख्य क्रियाकलाप

- सडक मानव मुक्त नगरपालिका वनाउन मानव सेवा आश्रमको समन्वयमा कार्य सडक मानबको व्यवस्थापन गरिएको छ ।
- पुरानो कपडा लाई पुन आवस्यक व्यक्तिले प्रयोग गर्न मिल्ने गरि व्यवस्थापन गर्न क्लोथ बैंक संचालन गरिएको छ ।
- देवदह भित्र रहेका संघ संस्था तथा मिडियाहरु लाई निरन्तर सहकार्य र सहयोग गरिएको छ ।
- देवदहमा हुने अपराधिक घटना न्युनिकरणका लागि नगर प्रहरि तथा नेपाल प्रहरी परिचालनको व्यवस्था मिलाईएको छ ।



# आ.व. २०८०/०८१ सबल पक्षहरु

- ❖ देवदह नगरपालिका वडा नं. ५ लाई वालमैत्री र वातावरण मैत्री वडा घोषणा
- ❖ फोहर वर्गिकरण र राजश्व अभियानको थालनी
- ❖ नगरपालिका बिरुद्धका मुद्धा किनारा लागेको
- ❖ स्थानीय र अन्तराष्ट्रिय स्तरका संघ संस्था संग छलफल र सहकार्य
- ❖ समयमा योजना तथा कार्यक्रम कार्यन्वयन (९९ प्रतिशत)
- ❖ नगरपालिकाको सेवा प्रवाहलाई सरलिकृत गरिएको (धुम्ति सेवा)
- ❖ प्रदेश सरकार र संघिय सरकार संग समन्वय गरि बिभिन्न कार्यहरु सम्पन्न भएको
- ❖ स्वास्थ्यको क्षेत्रमा जिल्लामा तेस्रो स्थानमा रहन सफल भएको



# आ.व. २०८१/०८२ व्यस्थित गर्नुपर्ने क्रियाकलाप

- सम्पादित कामको नियमित प्रतिवेदन/रिपोर्टिङ्ग प्रणालि तयार
- शाखागत कृयाकलापहरु बजेट केन्द्रित मात्र नभई वार्षिक लक्ष्य तय गरि नविनतम कार्यहरुको थालनि र प्रयोग
- राजश्व संकलन निति तयार गरि राजश्वको दायरा बृद्धि
- चालु खर्चको थप मितव्ययि तवरले परिचालन
- शैक्षिक सुधारका लागि नविनतम प्रयोग दण्ड र पुरस्कृत निति अवलम्वन
- समय सापेक्ष निती र कानुनि व्यवस्था
- स्वाथ्य सेवामा नागरिकको पहुच बृद्धि गर्ने योजना र कार्यन्वयन
- राष्ट्रिय निती लाई स्थानियकरण र कार्यान्वयन
- फोहरमैला व्यवस्थापनको दीर्घकालिन योजना निर्माण

# QR Code मार्फत e-गुनासो तथा सुझाव पेटिका



# धन्यवाद

